# सर्वोच्च अदालतबाट जारी

## प्रेश विज्ञप्ति

आज मिति २०७३ साल पौष २६ गते अन्नपूर्ण पोष्ट पत्रिका र अन्य केही अनलाईन सञ्चार माध्यमहरुमा प्रकाशित "प्रधान न्यायाधीशको निर्देशनमा घुस आरोपि छाडिए" शिर्षकको समाचार सामाग्रीहरूप्रति सर्वोच्च अदालतको ध्यानाकर्षण भएको छ।

न्याय प्रशासन ऐन, २०७३ को दफा २४ ले प्रधान न्यायाधीशलाई अदालतमा कार्यरत कुनै कर्मचारीले अदालतबाट हुने काममा अनियमितता गरेको छ भन्ने लागेमा वा तत्सम्बन्धी कुनै माध्यमबाट गुनासो वा जानकारी प्राप्त भएमा प्रधान न्यायाधीशले अदालतमा कार्यरत कुनै राजपत्रांकित अधिकृतलाई जाँचबुझको लागि खटाउन सक्नेछ भनी व्यवस्था गरेको छ।

ललितपुर जिल्ला अदालतका ना.सु. श्याम प्रसाद अर्याललाई मिति २०७३।०९।२२ गते शुक्रबार साँझको समयमा सातदोबाटो स्थित सेल्सवरीको भवनबाट अनियमित रकम सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान टोलीले प्रक्राउ गरेको जानकारी सार्वजनिक सञ्चार माध्यम मार्फत हुन आए पश्चात् उक्त आयोगको अनुसन्धानमा रहेका निज ना.सु. श्याम प्रसाद अर्याल उपर स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरूप न्याय प्रशासन ऐन, २०७३ को उल्लिखित प्रावधानबमोजिम जाँचबुझको लागि सर्वोच्च अदालतमा झिकाइ अनुसन्धानको क्रममा रहेको छ। सो विषयमा जाँचबुझ गरी ७ दिन भित्र प्रतिवेदन दिनको लागि सम्माननीय प्रधान न्यायाधीशज्यूबाट मिति २०७३।०९।२५ गते नै सर्वोच्च अदालतका सहरजिष्ट्रारलाई जाँचबुझ अधिकृतको रूपमा तोकिएको छ।

यसरी अनुसन्धानको क्रममा रहेको विषयलाई तोडमोड गरी सत्य र यथार्थ स्थिति बुझ्दै नबुझी न्यायपालिकाप्रति अफवाह फैलाउने कुत्सित मनसायबाट प्रेरित भै "घुस आरोपी छाडिए" भन्ने मिथ्यापूर्ण, भ्रामक, असत्य र कपोलकल्पित समाचार सम्प्रेषण हुनु दुःखद विषय हो। कानून अनुरूप गरिएका कार्यप्रति अवाञ्छित शंका, उपशंका पैदा गराउने प्रकृतिका समाचार सामाग्रीहरूबाट कसैलाई पनि हित नहुने र त्यस प्रकारका समाचारहरूबाट न्यायपालिकाप्रति आम जनसमुदायमा अवाञ्छित भ्रम पैदा हुने भएकाले वास्तविक तथ्य विपरितका समाचार सामाग्री प्रकाशन प्रसारण नगर्न नगराउन सम्बन्धित सञ्चार माध्यमलाई अनुरोध गर्दै हालै सम्प्रेषित समाचार सामाग्रीको भ्रममा नपर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराइएको छ।

मितिः २०७३।०९।२६

नहकुल सुवेदी

प्रवक्ता